# साकेला गाउँपालिका फोहोरमैला व्यवस्थापन कार्यविधि २०८०

## गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०८०/१०/२८

**साकेला गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

मानेभनञ्ज्याङ, खोटाङ

कोशी प्रदेश, नेपाल।

गाउँ कार्यपालिकाबाट प्रमाणित मिति: २०८०/१०/२८

साकेला गाउँकार्यपालिकाको बैठकबाट मिति: २०८०/१०/२८ मा पारित " साकेला गाउँपालिका फोहोरमैला व्यवस्थापन कार्यविधि २०८० " नियमानुसार स्वीकृत गर्दछु ।

मिति: २०८०/१०/२९

रवि प्रकाश राई
अध्यक्ष

रवि प्रकाश राई
पालिका अध्यक्ष

च) संदस्य भन्नाले साकेला गाउँपालिका सदस्यलाई सम्झनु पर्दछ ।

छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले साकेला गाउँपालिकाको प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

ज) विषयगत शाखा भन्नाले गाउँपलिकाको कार्य विभाजन नियमावली २०७४ बमोजिमको विषयगत शाखालाई सम्झनु पर्दछ ।

झ) समिति भन्नाले कार्य सम्पादन नियमावलीको नियम १५ बमोजिमको कार्यपालिकाका समितिहरुलाई सम्झंनु पर्दछ ।

ञ) कार्यविधि भन्नाले साकेला गाउँपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि २०८० सम्झनु पर्दछ ।

ट) गाउँपालिका भन्नाले साकेला गाउँपालिका सम्झनु पर्दछ ।

ठ) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ बुझ्नुपर्दछ ।

ड) फोहोरमैला भन्नाले घरेलु फोहोरमैला औधोगिक फोहोरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा, हानिकारक फोहोरमैला सम्झनु पर्दछ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउनेगरी निस्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवा, धुलो, विधुतिय तथा सूचना प्रविधिका लागि प्रयोग भएका वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टासिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा प्रकाशन गरि फोहोर मैला भनि तोकिदिएको अन्य बस्तु समेतलाई जनाउने छ ।

ढ) स्वास्थ्य संस्थाजन्य फोहोरमैला भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैंक, प्याथालोजिकल प्रयोगशाला, पशु-पन्छी स्वास्थ्यजन्य संस्था(भेटनेरी संस्था), स्वास्थ्य अनुसन्धान केन्द्र वा खोप केन्द्रबाट उत्पादन तथा निस्कासन हुने हानिकारक फोहोरमैला सम्झनु पर्दछ ।

**३. निर्देशक समितिको गठनः**

गाउँपालिकाको फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्य सुचारु एवं सुव्यवस्थित ढंगले सञ्चालन गर्न गाउँपालिकामा देहायबमोजिमको निर्देशक समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्षः | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्षः | सदस्य |
| (ग) प्रमुख प्रशासकिय अधिकृत: | सदस्य |
| (घ) प्रतिनिधि साकेला उद्योग बाणिज्य संघ: | सदस्य |
| (ङ) वित्तिय शाखा प्रमुख: | सदस्य |
| (च) गाउँ कार्यपालिका सदस्यहरु मध्यबाट कम्तिमा १ जना महिला: | सदस्य |
| (छ) वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक: | सदस्य |



रवि प्रकाश राई
पालिका अध्यक्ष

मायसंग्ला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्था. २०७३

(ज) पुर्वाधार विकास तथा भवन नियमन शाखा प्रमुख: सदस्य

(झ) स्वास्थ शाखा संयोजक (प्रमुख): सदस्य

(ञ) पूर्ण सरसफाइ शाखा संयोजक: सदस्य-सचिव

**४. निर्देशक समितिको काम कर्तव्य र अधिकार :**

क) गाउँपालिका क्षेत्रलाइ पूर्ण सरसफाईयुक्त क्षेत्र बनाउन वडास्तर र गाउँस्तरबाट आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने।

ख) वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरि आवश्यक कार्य गर्ने ।

ग) फोहोर व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजि क्षेत्र र समुदायको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने ।

घ) फोहोर लाइ श्रोतमै बर्गिकरण गर्ने व्यवस्थापन मिलाउन आवश्यक पहल गर्ने ।

ङ) बर्गीकृत फोहर मध्ये अर्ग्यानिक फोहरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्रकृतिका फोहरलाई तीन आर (3R= Reduce, Reuse & Recycle) को अवधारणा अनुसार व्यवस्थापन गर्ने ।

च) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्न निर्देशक समिति समक्ष सिफारिश गर्ने ।

छ) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन टोल विकास संस्थाहरु सँग सहकार्य गर्दै विशेष कार्यदल गठन गरि परिचालन गर्ने ।

ज) फोहरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनिरकणका लागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने ।

च) जैविक (कुहिने) फोहोरबाट उर्जा, कम्पोष्ट मल एवं बायोग्यास बनाउने व्यवस्था गर्ने ।

ञ) प्लास्टिक, धातु, आदिलाई पूर्ण प्रयोग तथा प्रशोधन गरी कच्चा पदार्थ बिक्री बितरण गर्न आवस्यक व्यवस्था गर्ने ।

ट) फोहोरमैला व्यवस्थापन तथा सरसफाईमा प्रचलित ऐन, कानुन तथा निर्देशिकाले तोकेको मापदण्ड पालन नगर्ने उपर आवश्यक कारबाहीका लागि निर्देशन गर्ने ।

ठ) फोहोरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन विषयागत समितिको गठन गर्ने ।



रवि प्रकाश राई
पालिका अध्यक्ष

ङ) फोहोरमैला व्यवस्थापन सम्बन्धि काम गर्ने विभिन्न राष्ट्रिय, अन्तराष्टिय संघ संस्थाहरु संग समन्वय को काम गर्ने ।

ढ) फोहोरमैला व्यवस्था सम्बन्धि कामगर्ने जनशक्तिको व्यवस्थापन गर्न वडा तहसँग समन्वय गर्ने ।

**५. फोहोरमैला कम उत्पादन गर्ने :**

क) कुनै व्यक्ति वा संघ सस्था वा कुनै काम कारोवार गर्दा उत्पन्न हुने फोहोर मैला यथाशक्य कम गर्नु पर्नेछ ।

ख) आफ्नो क्षेत्र भित्र विसर्जन हुनसक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाकि फोहरमैला मात्र निस्कासन गरि फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति संघ सस्था वा निकायको कर्तव्य हुनेछ । "आफ्नो क्षेत्र" भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई संझनु पर्नेछ ।

ग) घर बाट निस्काशन हुने जैविक फोहोरलाई सकेसम्म श्रोतमा नै व्यवस्थापन गर्नु पर्नेछ ।

**६. फोहरमैलाको पृथकीकरण:**

(१) फोहरमैला व्यवस्थापन समितिले फोहरमैलालाई कम्तीमा कुहिने (जैविक), नकुहिने (अजैविक) र शिसाजन्य लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले तोकिदिए अनुसार फोहरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्र वा ढुवानी साधन सम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि गाउँपालिका तथा वडा समितिसँग भएको प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा लाग्ने शुल्क लिई सहयोग गर्न सक्नेछ ।

**७. फोहोरमैलाको निस्कासन:**

क) फोहोरमैला निस्कासनको समय स्थान र तालिका गाउँपालिका वा सम्बन्धित वडाले निर्धारण गरे बमोजिम हुनेछ ।
ख) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोके बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।
ग) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनःप्रयोगमा आउने फोहरमैलामा मिसाउन पाइने छैन ।
घ) संरचना एवं घर निर्माण तथा मर्मत सम्भार गर्दा निश्कासित हुने वा निष्कने फोहरको व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उत्सर्जन कर्ताको हुनेछ तर उत्सर्जन कर्ताले वडाको फोहर संकलन गर्ने नीजि क्षेत्र वा वडालाई अनुसूचि १ मा तोकिए बमोजिमको शुल्क बुझाई सेवा लिन सक्नेछ ।
ङ) सडक एवं फुटपाथमा निर्माण सामाग्रि राख्दा अनुसूचि (१) मा तोकिए बमोजिमको शुल्क अग्रिम बुझाई तोकिए बमोजिमको समय सम्म वडा समितिको कार्यालयको अनुमति लिई राख्न सक्नेछ ।



रवि प्रकाश राई
पालिका अध्यक्ष

च) वडा भित्र जथाभावी वर्कसप खोल्ने कार्यलाई निरुत्साहीत गर्दै फोहरमैला व्यवस्थापन समतिसँग अनुमति लिएर मात्र उचित ढंगबाट फोहर व्यवस्थापनको सुनिश्चितता गर्दै बर्क सप संचालन गर्ने व्यवस्था मिलाईनेछ, बंडाले तोकेको स्थानमा वर्कसप संचालन गर्दा वर्कसपको फोहर कालो पानी एवं अन्य फोहरलाई नालामा नपठाई छुट्टै सोक्ता वनाई विर्सजन गर्नु पर्नेछ।

छ) नयाँ बन्ने घरको भान्सा र बाथरुमको पानी सभव भए सम्म घर कम्पाउड भित्र सोक्ता बनाई व्यवस्थापन गर्न घरधनिलाई प्रेरित गर्ने घर कम्पाउण्ड भित्र व्यवस्थापन गर्न सम्भव नभएको भनि टोल विकास संस्थाले सिफारिस गरेमा पानी छानेर मात्र सतह डल एवं नालिमा पठाउनु पर्नेछ।

**८) पशुपन्छी र घरपालुवा चौपाया पालन तथा व्यवस्थापन सम्वन्धि व्यवस्था :**

क) गाई भैसी, खसि बाखा र बोइलर कुखुरा फाराम संचालन गर्दा अनिवार्य रुपमा बडा समितिको अनुमति लिनु पर्नेछ। यस्ता प्रकारका व्यवसाय संचालन गर्नु पूर्व छर छिमेकको सहमति समेत अनिवार्य हुनु पर्ने। अनुमति लिई उल्लेखित पशु चौपाया र पन्छी पालन गर्नेले समेत सोको फोहर निश्कासन र व्यवस्थापन छर छिमेकलाई असर नपर्ने गरि गाउँपालिकाले तोके बमोजिमको मापदण्ड बमोजिम गर्नु पर्नेछ। पशु चौपाया र पन्छीलाई सार्वजनिक बाटोमा बाध्न तथा छाड्न पाइने छैन।

ख) वडाका बजार क्षेत्र आसपासको १०० मीटर भित्र बंगुर तथा पशु चौपाया पालन निषेधको गाउँपालिकाको विगतको निर्णयलाई निरन्तरता दिइने छ। साथै अन्य स्थानमा समेत वडा समितिको निर्णय बमोजिम तोकिएको क्षेत्रमा सार्वजनिक सूचना प्रकाशन गरि बंगुर तथा पशु चौपाया पालनमा निषेध गर्न सकिनेछ।

ग) वडा भित्र फेला परेका लावारीस मृत पशु पन्छीलाई वडा वा पालिकाको फोहर ढुवानी साधनले सर्टिङ साइटमा लगि उचित ढंगवाट विर्सजनको व्यवस्था मिलाउनु पर्नेछ। पशु धनि पहिचान भएमा मृत पशु लाई सम्बन्धित धनिले घर परिसरमा नै खाल्डो खनि व्यवस्थापन गर्न वडा कार्यालयले लगाउने छ तर स्वयंले व्यवस्थापन गर्न नसक्ने स्थिति भएमा वडा समितिलाई तोके बमोजिमको सेवा शुल्क बुझाई व्यवस्थापन गर्नु पर्नेछ। साना पशु पन्छिलाई वडा समितिको अनुमतिमा वडा भित्रका खाली ठाँउमा खाल्डो खनि व्यवस्थापन गर्न सकिनेछ।

घ) वडा भित्र मासु व्यवसाय सञ्चालन गर्ने व्यवसायीले निर्धारित गरिएको बधशालामा नै चौपायाको बध गरि व्यवसाय सञ्चालन गर्नुपर्नेछ साथै त्यहाँ उत्पन्न भएको फोहोरलाई व्यवसायी आफैँले सुरक्षित व्यवस्थापन गर्नुपर्नेछ।

**९) शौचालयको दिसा एवं लेदो व्यवस्थापन :**

क) शौचालय निर्माण कर्ताले जमिनको पानी प्रयोग नगर्ने स्थलमा सेफ्टीक टयांकी बनाउन सक्नेछ तर जमिनको पानीको लेवल माथि भएको अथवा जमिनको पानीको प्रयोग हुने क्षेत्रका शौचालयको सेफ्टीक टयांक बनाउन पाइने छैन। शौचालयको पानीलाई सतह ढलमा पठाउन पाइने छैन। यस प्रकारको कार्य गर्नेलाई दफा (१२) मा तोकिए बमोजिमको जरिवाना हुनेछ।



रवि प्रकाश राई
पालिका अध्यक्ष

ख) शौचालयको लेदो फाल्ने व्यक्ति फर्मको सम्पर्क नम्बर प्रत्येक टोल संस्था लाई जानकारी वडा कार्यालयले गराउनेछ र टोल संस्थाले आफ्ना सदस्यहरुलाई जानकारी गराई टयांकी भरिनु पूर्व नै सम्बन्धित सेवा प्रदायकलाई सम्पर्क गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

ग) वडा समितिको कार्यालयले नीजि क्षेत्रको सहकार्यमा सक्सन टयांकर प्रवन्ध गरि सेवा प्रवाह गर्न सक्नेछ ।

घ) सक्सन टयांकर सेवा दिने सबै सेवा प्रदायकहरुले सेवा प्रदानका लागि गाउँपालिकामा सूचिकृत हुनुपर्नेछ ।

**१०. फोहोरमैला सङ्कलन तथा व्यवस्थापन :**

क) फोहोरमैला सङ्कलनको लागि पालिकाको ट्याक्टर प्रयोग हुनेछ ।

ख) फोहोरमैला व्यवस्थापनको लागि पालिकाले सर्टिङ साइट मार्फत व्यवस्थापन गर्नेछ ।

ग) फोहोरमैला व्यवस्थापनका लागि पालिकाले अन्य फोहोरमैला व्यवस्थापन गर्ने संघ-संस्था सगँ सम्झौता गरी व्यवस्थापनको काम गर्न सक्नेछ ।

**११. फोहोरमैला व्यवस्थापन सेवा शुल्क उठाउन सक्ने :**

१) गाउँपालिका वा सम्बन्धित वडाले फोहोरमैला व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायवाट सेवा शुल्क लगाई उठाउने छ ।

२) पहिलो आर्थिक वर्ष (२०८०/०८१) का लागि उपदफा (१) बमोजिमको दरले **अनुसूचि (१)** मा उल्लेख भए बमोजिम शुल्क हुनेछ । तत्पश्चात शुल्कको दर निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र गाउँसभाबाट तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा फोहरमैला व्यवस्थापन समितिको परामर्शमा वडा समितिले तोकी निर्देशक समितिबाट स्वीकृत गराई वडा कार्यालयले उठाउन सक्नेछ ।

३) उपनियम (१) बमोजिम शुल्क गाउँपालिकामा सम्बन्धित वडासँग भएको सहमतिको आधारमा फोहोरमैला व्यवस्थापन गरेबापत सम्बन्धित व्यक्ति संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ तर वडा कार्यालयले तोके बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा न्यूनतम शूल्क मात्र लिन सकिनेछ ।

**१२. सेवा रोक्न वा अन्त्य गर्न सकिने :**

१. गाउँपालिकाले बुदा (११) बमोजिम सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बंन्धि र गाउँपालिका वा सम्बन्धित वडावाट उपलब्ध हुने अन्य सेवा रोक्ने वा अन्त्य पनि गर्नसक्ने छ ।

२. उपबुदा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि **फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा (१५)** बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले यस कार्यविधिको बुदा (११) को उपबुदा (२) बमोजिम सेवा शुल्क नबुझाउने सेवाग्राहिको फोहोरमैला व्यवस्थापन सम्बन्धि सेवा रोक्न वा अन्त्य गर्न सक्ने छ र यसरी सेवा रोक्दा वा अन्त्य गरिएमा सोको जानकारी गाउँपालिका वा वडालाई दिनुपर्ने छ ।



रवि प्रकाश राई
पालिका अध्यक्ष

३. उपबुदा (१) वा (२) बमोजिम सेवा रोकिएको वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरवाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन सम्बन्धित घर धनि आफैले गर्नु पर्ने छ।

४. सेवाग्राहीले बुदा (११) बमोजिम बुझाउनुपर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिने छ।

**१३. कसुर :**

कसैले देहाय बमोजिमको कुनै काम गरेमा फोहोर मैला व्यवस्थापन ऐन २०६८ र यस कार्यविधि बमोजिम कसुर गरेको मानिने छ :

क) गाउँपालिका वा सम्बन्धित वडाले तोकिदिएको समय र स्थान बाहेक अन्यन्त्र फोहोरमैला निष्कासन गर्ने,

ख) फोहोरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षति पुर्याउने, राखिएको स्थानवाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुर्याउने,

ग) फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम अनुमति नलिई फोहोरमैला व्यवस्थापनको कार्य गर्ने,

घ) फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरु उल्लघन गर्ने,

ङ) फोहोरमैलाबाट निस्केको दुषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदुषित गराउने,

च) घर कम्पाउण्ड तथा परिसरको फोहोर मैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने। व्यावसायीको हकमा आफ्नो पसल अगाडि वा पसल परिसरमा हुने फोहोरमैला व्यावसायी स्वयमं आफैले सरसफाइ नगरेमा,

छ) गाउँपालिकाले तोकेको ठाउमा बाहेक जनस्वास्थ्यमा प्रतिकुल असर पर्नेगरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला रोप्ने, फाल्ने पार्ने वा निष्कासन गर्ने,

ज) रासायनिक फोहोरमैला, औधोगिक फोहोरमैला, स्वास्थ्यजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने वा गराउने,

झ) औधोगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने वा गराउने,

ञ) फोहोरमैला संकलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापन मा बाधा अवरोध सिर्जना गर्ने,

ट) फोहोरमैला संकलन, ढुवानी तथा अन्तिम निष्कासन स्थलमा अवरोध बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्यमा हडताल गर्ने,

ठ) फोहोरमैला अत्याधिक उत्पादन हुने भनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरि प्रतिबन्ध लगाइएको कुनै वस्तुको उत्पादन तथा विक्रि वितरण गर्ने,

ड) फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा (४४) विपरित रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको, समयावधि सकिएको औषधी नष्ट गर्ने जिम्मेवारी पुरा नगर्ने,

ढ) मरेको वा मारेको पशुपन्क्षी र सो को लादि, प्वाख, हड्डी तथा माछाको कल्ला आदि सार्वजनिक स्थल, सडक, गल्लि, चोकमा राख्ने, फाल्ने बा थुपार्ने,

ण) पैदल तथा सर्वाजनिक यातायातका यात्रुले जथाभावी फोहोर फाल्ने,

त) चुरोट तथा सुर्तीजन्य (पान, पुकार, गुटका आदि) जस्ता वस्तुको फोहोर जथाभावी फाल्ने,



रवि प्रकाश राई

# साकेला गाउँपालिका
# फोहोरमैला व्यवस्थापन कार्यविधि २०८०

प्रमाणिकरण मिति: २०८०/१०/२८

## प्रस्तावना :

नेपालको संविधानले स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने अधिकार प्रत्याभुत गरेको छ । वर्तमान परिप्रेक्ष्यमा सभ्यताको महत्वपूर्ण मापदण्ड सरसफाइ भएकोले र स्वस्थ रहनका लागि स्वच्छ वातावरणको आवश्यकता पर्ने भएको हुँदा प्रदुषणमुक्त वातावरण कायम राखी यस पालिकाको दिगो विकास गर्नका लागि सरसफाइ र फोहरमैला व्यवस्थापन महत्वपूर्ण पक्षका रुपमा रहेको छ।

साकेला गाउँपालिकाको क्षेत्रमा भएको बढ्दो शहरीकरणका कारण साकेला गाउँपालिकाको बजार क्षेत्रको फोहरमैलाको उत्पादनमा तीव्र गतिमा बढोत्तरी भएको, वडाबासीहरुको फोहर व्यवस्थापन तथा सरसफाइ सम्बन्धी सचेतना अभिवृद्धि गर्न, फोहरमैला व्यवस्थापनमा निजी क्षेत्र र टोल विकास संस्था तथा नागरिक समाजको संलग्नता स्थापित गर्न, समुदायको चासो र संलग्नतामा अभिवृद्धि गर्न, फोहर संकलन देखि व्यवस्थापन सम्मका सबै कार्यहरु सम्बन्धी पर्याप्त जानकारी दिन, फोहरको वर्गीकरण उपयुक्त र प्रभावकारी तवरले गर्न, अस्पतालजन्य फोहर र प्लास्टिकजन्य फोहरहरुको व्यवस्थापनमा सरलता ल्याउन, फोहर व्यवस्थापनमा साझेदार संस्था परिचालित गर्न तथा यस संम्बन्धी पर्याप्त नीतिगत तयारी र स्पष्ट कार्य योजनाको आवश्यकता देखिएकाले गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ उपदफा २ ग (११) बमोजिम वडा समितिलाई दिएको अधिकारलाई कार्यान्वयनमा सहजता ल्याउन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ७ ले र फोहरमैला व्यवस्थापन ऐन २०६८ को दफा ५१ (२) ले दिएको अधिकार प्रयोग गरी साकेला गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि २०८० तर्जुमा गरी लागू गरेको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "साकेला गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८०" रहनेछ ।
(ख) यो कार्यविधि साकेला गाउँकार्यपालिकाले स्विकृत गरेको मितिदेखि लागू हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :
क) सबिधान भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्दछ ।
ख) स्थानीय तह भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ८ बमोजिमको गाउँपालिका सम्झनु पर्दछ ।
ग) कार्यपालिका भन्नाले साकेला गाउँकार्यापालिका सम्झनु पर्दछ ।
घ) अध्यक्ष भन्नाले साकेला गाँउपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।
ङ) उपाध्यक्ष भन्नाले साकेला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।



रवि प्रकाश राई
पालिका अध्यक्ष

थ) घर पालुवा पशु पन्छिलाई छाडा छोड्ने तथा अनुमति वेगर व्यवसायिक रुपमा पशुपन्छी पालन गर्ने तथा सडकमा बाध्ने कार्य गर्ने ।

**१४. दण्ड, सजाय तथा जरिवाना :**

१. गाउँपालिका वा सम्बन्धित वडालें तोकिदिएको समय र स्थान वाहेक अन्यत्र फोहोर निष्कासन गर्नेलाई सम्बन्धित वडाले पहिलो पटक रु.५००/- रुपैया सम्म जरिवाना; दोस्रो पटक सोही कसुर गरेमा रु.८००/- रुपैया देखि रु.१०००/- रुपैया सम्म, तेस्रो पटक वा सो भन्दा बढी सोहि कसुर गरेमा प्रत्येक पटकको रु.१५००/- रुपैया का दरले जरिवाना गरि फोहोर मैला उठाउन लाग्ने खर्च समेत निजवाट असुल उपर गर्न सकिने छ ।

२. फोहोरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षेती पुर्याउने, राखिएको स्थानवाट हटाउने वा अन्य नोक्सानी पुर्याएमा गाउँपालिका वा सम्बन्धित वडाले रु.१०००/- रुपैया देखि रु.५०००/- रुपैया सम्मको जरिवाना तिराउन सकिने छ ।
कसुरको प्रकृति: (१ वटा डस्टविनमा मात्र क्षति गरेमा रु.१०००/-, दुई वटा डस्टविन क्षति गरेमा रु.३०००/- र तीन वटा डस्टविन क्षति गरेमा रु. ५०००/- जरिवाना तिराइने छ ।)

३. कन्टेनर वा फोहोरमैला संकलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले (जलाए, पोखिदिए) प्रयोग गरेमा रु.५००/-रुपैया देखि रु. २०००/-रुपैया सम्म जरिवाना गर्न सकिने छ ।

४. फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम अनुमति नलिई फोहोरमैला व्यवस्थापनको कार्य गरे गाउँपालिका वा सम्बन्धित वडाले रु.५०००/-रुपैया देखि रु.१५०००/-रुपैया सम्मको जरिवाना गरि अनुमती नलिए सम्म त्यस्तो कार्य गर्न रोक लगाउने छ । फोहोरमैला संकलन केन्द्र, कन्टेनर वा फोहोरमैला थुपार्ने ठाँउमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने गरेमा गाउँपालिका वा सम्बन्धित वडाले रु. ५००/-देखि रु. १०००/- सम्म जरिवाना गर्न सकिने छ र त्यस्तो बस्तु वा पदार्थ बाट कुनै क्षति भैसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसुरदार बाट असुल उपर गर्न सकिने छ ।
५. घर कम्पाउण्ड तथा पसल परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा फाल्ने साथै मरेको वा मारेको पशुपन्क्षी र सो को लादि, प्वाख, हड्डी तथा माछाको कल्ला आदि फालेमा गाउँपालिका वा सम्बन्धित वडाले रु.५००/- देखी रु.२०००/- सम्मको (प्रकृति हेरेर) जरिवाना गर्न सक्नेछ ।
६. फोहोरबाट निस्केको दूषित पानी वा ढल चुहाई, सेफ्टी ट्यांकी चुहाई, घर वा जग्गा प्रदूषित गरेमा गाउँपालिका वा सम्बन्धित वडाले रु.१००१/- देखि रु.५०००/- सम्मको जरिवाना गर्न सक्ने छ ।

७. रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने वा राख्ने कार्य गरेमा गाउँपालिका वा सम्बन्धित वडाले रु.२५००/- देखि रु.१००००/- सम्म जरिवाना गर्न सक्ने छ । र सोहि कसुर पुनः दोहोर्याएको पाइएमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गर्न सक्ने छ ।



रवि प्रकाश राई
पालिका अध्यक्ष

८. फोहोरमैला संकलन ढुवानी तथा अन्तिम निष्कासन स्तरमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्यमा हड्ताल गरेमा रु.४०००/- देखि रु.१५०००/- सम्म जरिवाना गर्न सक्ने छ।

९. फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा (४४) विपरित रासायनिक विषादिको आयात गर्ने वा म्याद नागेका औषधी नष्ट गर्ने जिम्मेवारी पुरा नगरेको पाइएमा रु.५०००/- देखि रु.२००००/- सम्मको जरिवाना गर्न सक्ने छ। सोहि कसुर पुनः दोहोर्याएको पाईएमा पहिलोपटक गरेको जरिवानाको दोब्बर जरिवाना गरि प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा पत्र लेखी पठाउन सक्ने छ।

१०. फोहोरमैला अत्याधिक उत्पादन हुने वस्तु भनि नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरि प्रतिवन्ध लागाएको कुनै वस्तुको उत्पादन तथा विक्रीवितरण गर्ने कार्य गरे रु.२०००/- देखि रु.५०००/- सम्मको जरिवाना वा फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम ३ महिना सम्म कैद वा दुवै सजाय गर्न सम्बन्धित निकायमा पत्र लेखी पठाउन सक्ने छ।

११. पैदल वा सवारी साधनका यात्रुले चाउचाउ-बिस्कुटका खोल, चक्लेटका खोल तथा अन्य प्लाष्टिक जन्य फोहोर साथै चुरोट तथा सुर्ती जन्य पदार्थ (पान, पुकार, गुट्का, खैनि आदि) जथाभावी फाल्ने कार्य गरेमा साकेला गाउँपालिका वा सम्बन्धित वडाले रु.१००/- को दरले जरिवाना गर्न सक्ने छ। सोहि कसुर पुनः दोहोर्याएमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गर्न सक्ने छ।

१२. व्यावसायीको हकमा आफ्नो पसल अगाडि वा पसल परिसरमा हुने फोहोरमैला व्यावसायी स्वयमं आफैले सरसफाइ नगरेमा, साकेला गाउँपालिका वा सम्बन्धित वडाले पहिलो पटक रु.१००/- को दरले जरिवाना गर्न सक्ने छ। सोहि कसुर पुनः दोहोर्याएमा पहिलो पटक गरेको जरीवानाको दोब्बर जरीवाना गर्न सकिने छ।

**१५. पुरस्कार तथा प्रोत्साहन:**

१. प्रत्यक आर्थिक वर्षमा फोहोरमैला व्यवस्थापन तथा सरसफाइमा उत्कृष्ट हुने घरधुरीलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरिने छ।

२. फोहोरमैला व्यवस्थापनका लागि नविनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्था लाइ गाउँपालिका वा सम्बन्धित वडाले सम्मान स्वरुप उपर्युक्त पुरस्कार दिन सक्ने छ।

**१६. फिल्डमा हाँजिर गर्ने :**

क. गाउँपालिकाले फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन खानेपानी तथा फोहोरमैला व्यवस्थापन शाखा प्रमुख वा निजले तोकेको व्यक्तिले प्रत्येक दिनमा भए गरेको फोहोरमैला व्यवस्थापन कार्यको प्रतिवेदन स्थलगत निरीक्षण गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्ने छ।

**साकेला गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (११) को उपदफा (७) ले र फोहोरमैला व्यवस्थापन ऐन २०६८ को दफा ५१ (२) ले दिइएको अधिकार प्रयोग गरि यो फोहोरमैला व्यवस्थापन कार्यविधि २०८० कार्यपालिकाबाट अनुमोदन गरि लागू गरेको छ।**

रवि प्रकाश राई
पालिका अध्यक्ष

# अनुसूचि १

(दफा ११ (१) सँग सम्बन्धित)

## घर एवं व्यवसायिक फर्मले मासिक बुझाउनु पर्ने सरसफाइ सेवा शुल्क :

| क्र.सं. | सेवा लिनेको किसिम | सेवा शल्क दर (प्रति महिना) ने.रु | कैफियत |
|---|---|---|---|
| १ | प्रति घरधुरी | ५० | |
| २ | मर्मत तथा संभार सेवा तर्फ ग्यारेज सर्भिस | | |
| क | साईकल, कुकर, पंखा, छाता, स्टोभ मर्मत व्यवसायी | १०० | |
| ख | घडि पसल | १०० | |
| ग | इलेक्ट्रोनिक्स पसल | २०० | |
| ३ | मोटरसाईकल मर्मत तथा ग्यारेज सर्भिज, मोटर पार्टस | २०० | |
| ४ | शो रुम रिपेरिङ्ग तथा सर्भिसिङ्ग सेन्टर सहित (प्रकृति हेरी सबै प्रकारका) | ४०० | |
| ५ | क्लिनिक तथा औषधी व्यवसाय | | |
| क | नर्सिङ होम | ४०० | |
| ख | एक्सरे, ल्याब सुबिधा सहित डाक्टरको सेवा भएको मेडिकल | ३०० | |
| गं | औषधी तथा सर्जिकल सामान बेच्ने पसल | २०० | |
| ६ | दुग्ध व्यवसायी/ डेरी | २०० | |
| ७ | टेलर्स | | |
| क | सामान्य टेलर्स ३ देखि ५ वटा सम्म मेशिन राखेका | १०० | |
| ख | व्यवस्थित टेलर्स ५ वा ५ वटा भन्दा बढी मेशिन राखेका | २०० | |
| ८ | सुनचाँदी व्यवसायी | १०० | |
| ९ | भाँडा व्यवसायी | १५० | |
| १० | होटल व्यवसायी | | |
| क | उच्च सुविधा सम्पन्न होटल तथा लज | ३०० | |

रवि प्रकाश राई
पालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| ख | मध्यम सुविधा सम्पन्न होटल तथा लज | २०० | |
| ग | सामान्य सुविधा सम्पन्न होटल तथा लज | १५० | |
| घ | चिया नास्ता होटल | १०० | |
| ङ | चटपटे तथा चाट पसल | १०० | |
| ११ | खुद्रा तथा किराना पसल | ३०० | |
| १२ | जुत्ता चप्पल व्यवसायी | १५० | |
| १३ | रेडिमड, फेन्सी तथा काँचो कपडा व्यवसायी | १५० | |
| १४ | बैंक तथा वित्तिय निकाय | १५० | |
| १५ | तरकारी तथा फलफूल व्यवसायी | १५० | |
| १६ | हेयर सैलुन तथा सौन्दर्यकला ब्युटी पार्लर व्यवसायी | २०० | |
| १७ | मेटल वर्कसप तथा गृल उद्योग | १५० | |
| १८ | काष्ठ तथा फर्निचर उद्योग | १५० | |
| १९ | हार्डवेयर तथा विद्युत सामाग्री पसल | २०० | |
| २० | सिसा पसल | ३०० | |
| २१ | फोटो स्टुडियो तथा कलर ल्याव | १५० | |
| २२ | गिफ्ट कर्नर, खेलौना, माला पसल | २०० | |
| २३ | अन्य छुट तथा थप हुने व्यवसाय (प्रकृति हेरी) | ३०० | |
| २४ | संरचना एवं घर निर्माण तथा मर्मत सम्भार गर्दा निष्कासित फोहोरको व्यवस्थापनकर्ता वडा कार्यालय वा निजि क्षेत्र वा टोल विकास संस्थालाई घरधनि वा फोहोर निष्कासनकर्ताले बुझाउनु पर्ने सेवा शुल्क | | |
| क | १ ट्र्याक्टर निर्माण तथा मर्मत सम्भार फोहोर | ५०० | |
| ख | १ ट्र्याक्टर भन्दा बढी निर्माण तथा मर्मत सम्भार फोहोर भएमा | ६०० - १५०० | प्रत्यक थप ट्र्याकटरका लागि रु. १०० का दरले शल्क उठाउने |
| २५ | घर एवं संरचना निर्माणका क्रममा सडक एवं फुटपाथमा तोकिए बमोजिमको समय सम्म सामाग्री राख्न अनुमति शुल्क | | |
| क | अनुमति लिई कालोपत्रे वा कच्ची सडकमा सवारी आवागमनमा असर नपर्ने गरी ४८ घण्टा भित्र | नि:शुल्क | |
| ख | अनुमति लिई कालोपत्रे वा कच्ची सडकमा सवारी आवागमनमा असर नपर्ने गरी ३ दिन सम्म दैनिक | १०० | |

रवि प्रकाश राई
पालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| ग | अनुमति लिई कालोपत्रे  वा कच्ची सडकमा सवारी आवागमनमा असर नपर्ने गरी ७ दिन देखी १५ दिन सम्म दैनिक | २०० | |
| घ | फुटपाथ क्षेत्रको ७ दिन देखि १५ सम्म दैनिक | ३०० | |

रवि प्रकाश राई
पालिका अध्यक्ष

# अनुसूचि २

(दफा १६ (१) सँग सम्बन्धीत)

.................. नं. वडा समिति

**फिल्ड प्रतिवेदन**

मिति :............................

श्रीमान वडा सचिव ज्यू
साकेला गाँउपालिका, ... नं. वडा कार्यालय,
साकेला गाउँपालिका, खोटाङ।

विषयः पालिका सरसफाको दैनिक प्रतिवेदत।

उपरोक्त सम्बन्धमा मिति ........................................ मा पालिका सरसफाइ तथा फोहोरमैला व्यवस्थापन कार्यको प्रतिवेदन विवरण निम्नानुसार प्रस्तुत गरेको व्यहोरा सादर अनुरोध छ।
निम्न

१) सरसफाई गरिएका टोल, सडकहरुको विवरण

क)........................................................ ख)........................................................

ग)........................................................ घ)........................................................

ङ)........................................................ च)........................................................

२) समय
३) प्रयोग भएका ढुवानी साधन र संख्या
४) सलग्न जनशक्ति (वडा समितिका स्टाफ प्रयोग भएको भए मात्र) को नाम ........................................
५) सफाई गरीएको सडक झाडु र नाला सफाई तथा फोहर संकलन अवस्था ........................................
६) मरेको पशु संकलन संख्या ........................................
७) पटके फोहर (निर्माण सामाग्रि) संकलन :........................ ट्रिप
८) नागरिक गुनासो अवस्था :........................................
९) तत्काल फोहर व्यवस्थापन गर्नु पर्ने देखिएको स्थल र फोहरको प्रकृति :........................................
१०) निरिक्षणका क्रममा कुनै कारवाही गरिएको भए सो को विवरण :........................................

प्रतिवेदन पेश गर्नेको नाम :
पद :
हस्ताक्षर :

.................................
प्रमुख प्रशासकीय अधिकृत